मिति: २०८०।१०।०३

माननीय मुख्यमन्त्रीज्यू,
सुदूरपश्चिम प्रदेश, धनगढी ।

**विषय: ज्ञापनपत्र सम्बन्धमा ।**

उपरोक्त विषय सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रदेश सभामा पेश गर्ने गरी प्रस्ताव गरिएको भनि सार्वजनिक भएको विधेयक मस्यौदाका सम्बन्धमा स्थानीय तहको कर्मचारी संयन्त्रलाई प्रभावकारी बनाउन र प्रस्तावित मस्यौदालाई कर्मचारीमैत्री बनाउन यसैसाथ संलग्न तिन महले संशोधन प्रस्ताव पेश गरेका छौं । उक्त प्रस्तावका सम्बन्धमा सकारात्मक सुनुवाई गरी हाम्रा मुद्दा तथा माग व्यवस्थापन गरी स्थानीय तहमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको मनोबल उकास्नका लागि सहयोग गरिदिनु हुन माननीय मुख्यमन्त्रीज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| विमल प्रकाश जोशी<br>अध्यक्ष<br>निजामती कर्मचारीहरूको अधिकारिक ट्रेड युनियन,<br>कैलाली | धर्म बहादुर देउवा<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन<br>सुदूरपश्चिम प्रदेश | चन्द्र प्रकाश जोशी<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन<br>सुदूरपश्चिम, प्रदेश | जनक राज जोशी<br>अध्यक्ष<br>एकिकृत सरकारी कर्मचारी संगठन<br>नेपाल<br>सुदूरपश्चिम प्रदेश | अशोक पाण्डेय<br>अध्यक्ष<br>स्थानीय कर्मचारी युनियन नेपाल<br>सुदूरपशिमम प्रदेश |
| लक्ष्मण राज जोशी<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति<br>कैलाली | खेमराज जोशी<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन<br>जिल्ला कार्यसमिति<br>कैलाली | गंगाराम भुसाल<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन<br>जिल्ला कार्यसमिति<br>कैलाली | नारायण बहादुर बोहरा<br>सचिव<br>एकिकृत सरकारी कर्मचारी संगठन<br>जिल्ला कार्यसमिति<br>कैलाली | शंकर प्रसाद जोशी<br>सचिव<br>स्थानीय तह कर्मचारी संघर्ष समिति<br>सुदूरपश्चिम, प्रदेश |

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन सम्बन्धमा बनेको विधेयक, २०८० को मस्यौदा अध्ययन गरियो । सो मस्यौदामा भएका तपसिलका दफाहरूमा तपसिल बमोजिमका सुझावहरू सहित अरू प्रदेशमा भएका व्यवस्थाहरूलाई समेत अध्ययन गरी सुझावहरू तयार गरेका छौं ।

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | शिर्षक | स्थानीय सेवा | स्थानीय निजामती सेवा | स्थानीय निजामती सेवा हुनु पर्ने | |
| २. | परिच्छेद-१ प्रारम्भिक को दफा १ **संक्षिप्त नाम र प्रारम्भ** | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा | सुदूरपश्चिम प्रदेश स्थानीय निजामती सेवा | संविधानको धारा २४३ मा "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरू सबै पद सम्झनु पर्छ। | संविधानको धारा २४३ |
| ३. | दफा २ ग | स्थानीय सेवाका स्थायी | स्थानीय निजामती सेवाका कर्मचारी | | |
| ४. | परिच्छेद-२ को दफा ४ **स्थानीय सेवाको गठन गर्नेछ:** | उपदफा (१) स्थानीय सेवाहरू मा | (ङ) स्थानीय कानुन सेवा<br>(च) स्थानीय शिक्षा सेवा<br>(छ) स्थानीय वन तथा वातावरण सेवा<br>(ज) स्थानीय सूचना प्रविधि तथा तथ्याङ्क सेवा थप गरिनु पर्ने | सेवा विशिष्टीकरणका लागि आवश्यक भएकाले यि सेवाहरू थप हुनु पर्ने। | ✓ बागमती प्रदेश दफा ३<br>✓ कोशी प्रदेश दफा ३ |
| ५. | परिच्छेद-३ दफा ८ | उपदफा २ दरबन्दी सृजना गर्न मिल्ने नदेखिएमा स्थानीय तह | उपदफा २ दरबन्दी सृजना गर्न मिल्ने नदेखिएमा प्रदेश शब्द राख्ने | | |
| ६. | परिच्छेद-३ को दफा ८ को उपदफा १ | स्थानीय तहको प्रशासन संचालन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने छ उल्लेख भएको | दफा ८ को २(ख) मा उल्लेख भए बमोजिम स्थानीय तहमा रहने दरवन्दी संख्याको भौगोलिक अवस्था ,पालिकाको जनसंख्या (वडा स्तरको हकमा वडाको जनसंख्या)को आधारमा न्युनतम दरवन्दीको गठनको मापदण्ड प्रदेशबाट गरिनु पर्ने | स्वास्थ्य सेवाको दरबन्दी संरचना समान किसिमले वितरण नभएकोले | |

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| ७ | परिच्छेद-३ को दफा ९ **दरबन्दी कायम गरिने……… थपगर्नुपर्ने** | थप गर्नु पर्ने | (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत साविकको स्थानीय निकाय/तहमा कार्यरत स्थानीय तहको छैटौं तहको पदमा कार्यरत कर्मचारीलाई **शुरु नियुक्ति मिति देखि नै सेवा सुविधा समेत लागू हुने गरी** स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तहको पदमा कायम गरिदिनेछ । | नेपालको संविधानको धारा १८ समानताको हक अन्तर्गत व्यवस्था हुनु पर्ने । | |
| ८ | परिच्छेद-३ को दफा ९ **दरबन्दी कायम गरिने** | (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा आयोगबाट सञ्चालित खुला प्रतियोगितात्मक परीक्षाद्वारा छनौट तथा सिफारिस भई स्थानीय तहको छैटौं तहको पदमा नियुक्ति भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको | २) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा आयोगबाट सञ्चालित खुला प्रतियोगितात्मक परीक्षाद्वारा छनौट तथा सिफारिस भई स्थानीय तहको छैटौं तहको पदमा नियुक्ति भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई **शुरु नियुक्ति मिति देखि नै सेवा सुविधा समेत लागू हुने गरी** स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ। | अन्य सबै प्रदेशमा संगै सिफारिस भएका कर्मचारीहरुको विगत १/२ वर्षदेखि नै सातौं तह कायम भई सेवासुविधा समेत लिइसकेकाले यस प्रदेश भित्रका स्थानीय सेवाका कर्मचारीहरुको हकमा सेवासुविधा सहित सातौं तह कायम गर्दा न्यायसंगत हुने भएकाले । एउटै विज्ञापनबाट छैठौं तहमा सेवा प्रवेश गरेका अन्य प्रदेशमा सातौं तह कायम भई सेवा सुविधा पनि लिई सकेकाले । | ✓ कोशी प्रदेश दफा ८ (१७)<br>✓ बागमती प्रदेश दफा ६ (१) |

२०७३ जिल्ला कार्य समिति, कैलाली

<table>
<tr><th>क्र.सं.</th><th>परिच्छेद / दफा नं.</th><th>भएको व्यवस्था</th><th>हुनुपर्ने व्यवस्था</th><th>हुनुपर्नाको कारण</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td>भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ।</td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>परिच्छेद-३ को दफा ९ <u>दरबन्दी कायम गरिने.... थप गर्नुपर्ने</u></td><td></td><td>३) समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा अधिकृत छैठौं पदमा निजामती सेवाबाट समायोजन भई आएका कर्मचारीहरूलाई सेवा अवधि र न्युनतम शैक्षिक योग्यता पुगेमा अख्तियारवालले सातौं तह कायम गरिदिनेछ ।</td><td></td><td></td></tr>
<tr><td>१०</td><td>परिच्छेद-३ को दफा ९ <u>दरबन्दी कायम गरिने.... थप गर्नुपर्ने</u></td><td>उपदफा ३ साविक स्थानीय निकायको स्विकृत दरवन्दीमा अधिकृत छैठौ र आठौं तहको पदमा शुरू स्थायी नियुक्ती भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारीलाई माथिल्लो तहको लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता पुगेको र समायोजन भएको पाँच वर्ष सेवा अवधि पुरा भएको भएमा अख्तियारवालाले एक पटकको लागि स्थानीय सेवाको क्रमश: अधिकृत सातौं र नवौं तहको कायम गरिदिनेछ ।</td><td>साविक स्थानीय निकायको स्विकृत दरवन्दीमा अधिकृत छैंठौ, सातौं र आठौं तहको पदमा शुरू स्थायी नियुक्ती भएका स्थानीय तहका कर्मचारीलाई माथिल्लो तहको लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले शुरू नियुक्ती भएको मितिदेखि सेवा सुविधा समेत लागु हुने गरी एक पटकको लागि स्थानीय सेवाको क्रमश: अधिकृत सातौं, आठौं र नवौं तहको पदमा स्तरवृद्धि कायम गरिदिनेछ ।</td><td></td><td></td></tr>
<tr><td>११</td><td>परिच्छेद-३ को दफा १० <u>स्थानीय सेवाको</u></td><td>उपदफा (१) को खण्ड (च), (छ) र (ज)</td><td><table><tr><th>पद</th><th>खुला</th><th>अन्तरतह</th><th>जेष्ठता</th><th>कार्य</th><th>आन्त</th></tr><tr><td>च</td><td>५०</td><td>१०</td><td>१५</td><td>१५</td><td>१०</td></tr><tr><td>छ</td><td>१०</td><td>१०</td><td>३५</td><td>३५</td><td>१०</td></tr></table></td><td></td><td></td></tr>
</table>

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | पदपूर्ति: | | १० १० ३५ ३५ १० | | |
| १२ | परिच्छेद-३ को दफा १९ **उम्मेदवार हुनको लागि अयोग्यता:** | खण्ड (ग) को (१) र (२) मा पैतालीस ननाघेको व्यक्ति हुन सक्नेछ । | चालीस वर्ष हुनु पर्ने | ४५ वर्षमा सेवा प्रवेश गर्दा ६० वर्षमा अवकाश हुदा सेवा अवधि जम्मा १५ वर्ष मात्र हुने । | |
| १३ | परिच्छेद-३ दफा १९ (४) | सम्वत् २०६३ साल भन्दा अगाडिदेखि साविक स्थानीय निकायको दरबन्दीमा अस्थायी वा करारमा नियुक्ती भई निरन्तर रूपमा कार्यरत रहेका कर्मचारीको हकमा यो ऐन लागु भएपछि हुने पहिलो पटकको विज्ञापनमा खुला प्रतिस्पर्धामा सहभागी हुन उमेरको हद लाग्ने छैन । | यस ऐन प्रारम्भ पूर्व स्थानीय तहमा लामो समयदेखि अस्थायी, करारमा अविच्छिन्न रूपमा कार्यरत स्थानीय कर्मचारीहरूको हकमा यो ऐन लागू भएपछि हुने पहिलो पदको विज्ञापनमा एकपटकका लागि आन्तरिक/सिमित प्रतिस्पर्धाका आधारमा स्थायी गर्ने । | विगत उन्नाइस वर्षसम्म जनप्रतिनिधी नभएको अवस्थामा अस्थायी, करारमा कार्यरत कर्मचारीहरूको योगदानको मूल्याङ्न गर्नुपर्ने, पटक-पटक स्थानीय तहमा सिमिति आन्तरिक प्रतियोगिता गराई स्थायी गरिएको नजिर, त्रि.वि., विर अस्पताल र भखरै २०७९।११।१० गते नेपाल निजामती अस्पतालमा सिमित प्रतिस्पर्धा गरी स्थायी गरेको अभ्यास रहेको छ । | बागमती प्रदेशको दफा १८ को उपदफा ३ |
| १४ | परिच्छेद ३ मा थप्नु पर्ने दफा | | समान तहमा समायोजन भएका र हाल सम्म स्तरवृद्धि नभएका स्वास्थ्य सेवा अन्तर्गतका स्वास्थ्यकर्मीहरु सोहि तहमा दश वर्ष सेवा अवधि पुरा भएका छैठौ, सातौ,आठौ र नवौ स्वास्थ्यकर्मीहरुलाई एक पटकको लागि एक तह स्तरवृद्धि गर्ने | अन्य सेवाका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन,२०७४ अनुसार स्थानीय तहमा समायोजन हुदा एक तह स्तरवृद्धि भएको तर स्वास्थ्यकर्मी हरुलाई सोहि तहमा समायोजन गरेको | कोशी प्रदेश स्थानीयतह कर्मचारी ऐन दफा ४ को उपदफा (५) मा भएको व्यवस्था अनुसार |
| १५ | परिच्छेद-४ को दफा २४ **अन्तर स्थानीय तह सरुवा सम्वन्धी** | उपदफा (१) स्थानीय तहमा कम्तीमा पाँच वर्ष सेवा गरेका कर्मचारीले प्रदेशभित्रका कुनै स्थानीय तहमा सरुवा हुन चाहेमा सरुवा हुने र सरुवा भई जान चाहेको स्थानीय | उपदफा (१) स्थानीय तहमा कम्तीमा दुई वर्ष सेवा गरेका कर्मचारीलाई प्रदेश भित्रका कुनै स्थानीय तहमा हिमाल, पहाड र तराई समेत सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने , पूर्वानुमानयोग्य, चक्रिय प्रणाली हुने गरी मन्त्रालयले सरूवा गर्ने सकनेछ । | सरुवा गर्दा दुबै स्थानीय तह (आउने र जाने) को दोहोरो सहमति सहित सरुवा गर्दा राजनैतिक पहुँच नहुने तथा कार्यसम्पादनमा केन्द्रित कर्मचारीको सरुवा नै नहुने जोखिम अत्यधिक भएको र कार्यसम्पादनमा केन्द्रित | ✓ बागमती प्रदेश दफा २८ (१) ✓ कोशी प्रदेश दफा २४ (१) ✓ गण्डकी प्रदेश |

<table>
<tr><th>क्र.सं.</th><th>परिच्छेद / दफा नं.</th><th>भएको व्यवस्था</th><th>हुनुपर्ने व्यवस्था</th><th>हुनुपर्नाको कारण</th><th>कैफियत</th></tr>
<tr><td></td><td>व्यवस्था</td><td>तहको<br>सहमतिमा मन्त्रालयले सरुवा गर्न सक्नेछ।<br>उपदफा (३) एक पटक सरुवा भएको कर्मचारीलाई अर्को पाँच वर्षसम्म सरुवा गरिने छैन।<br>उपदफा (६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई स्थानीय तहमा राखी राख्न उपयुक्त नभएमा सम्बन्धित स्थानीय तहको सहमतिमा मन्त्रालयले सरुवा गर्न सक्नेछ।</td><td>उपदफा (३) एकपटक सरूवा भएको कर्मचारीलाई अर्को दुई वर्षसम्म सरूवा गरिने छैन<br><br>उपदफा (६) उपदफा (१) खारेजी गर्नुपर्ने</td><td>कर्मचारीले राजनैतिक दलका नेता/कार्यकर्ता रिझाउनुपर्ने विभेदात्मक परिस्थिति सृजना हुने। साथै संघीय निजामती सेवाको कर्मचारीको हकमा समेत यो किसिमको विभेदकारी दोहोरो सहमति आवश्यक नरहेकाले निज कर्मचारीको निवेदनका आधारमा मन्त्रालयले सरुवा गर्न सक्ने प्रावधान राख्न उपयुक्त हुने।<br>संघ, प्रदेश र स्थानीय सेवामा समान किसिमको सरूवा प्रणाली हुनु पर्ने।<br>साथै उक्त व्यवस्था ऐ. ऐनको परिच्छेद ११ दफा ९६ (सेवाबाट हटाउन सक्ने) को विपरित रहेकोले।</td><td>दफा २४ (१)</td></tr>
<tr><td>१६</td><td>परिच्छेद-५ को दफा २७ <u>तह वृद्धि सम्बन्धी व्यवस्था</u></td><td>थप गर्नु पर्ने</td><td><table><tr><th>क्र.सं.</th><th>हालको पद</th><th>वृद्धि हुने तह</th><th>सम्बन्धित</th></tr><tr><td>१</td><td>चौथो</td><td>पाचौं</td><td>५ वर्ष</td></tr><tr><td>२</td><td>पाँचौं</td><td>छैठौं</td><td>५ वर्ष</td></tr><tr><td>३</td><td>सातौं</td><td>आठौं</td><td>५ वर्ष</td></tr><tr><td>४</td><td>नवौं</td><td>दशौं</td><td>५ वर्ष</td></tr></table></td><td>२०७६ सालमा संघीय लोकसेवाबाट लिईएको सहायक चौथो तहको परिक्षा पास गरी स्थानीय तहमा कार्यरत कर्मचारीहरू प्रदेश लोकसेवाले सहायक चौथो पदको लागि गरेको विज्ञापनबाट आउने कर्मचारीको हकमा तह वृद्धि र बढुकाको सन्दर्भमा यो ऐनको मस्यौदामा कहिं पनि उल्लेख गरिएको भेट्टिएन। त्यसैले सहायक चौथो तहको पदमा कार्यरत कर्मचारीको ५ वर्ष सेवा अवधि पुगेमा तह वृद्धि गर्नुपर्ने थप गर्नुपर्ने।</td><td></td></tr>
<tr><td>१७</td><td>परिच्छेद ५ दफा २७ को ३</td><td>साविकको नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भै समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीको तह वृद्धि सम्बन्धि व्यवस्था संघीय कानुन</td><td>अन्य सेवा समूह सरह हुनु पर्ने</td><td></td><td></td></tr>
</table>

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | बमोजिम हुनेछ | | | |
| १८ | परिच्छेद-५ तह वृद्धि र बढुवा दफा ४५ बढुवा सम्बन्धी विशेष व्यवस्था | उपदफा ४ एउटै पदमा उपदफा (१) बमोजिमको अवधि पूरा भएको कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक तह माथिल्लो पदको निवृत्तिभरण र अन्य सुविधा प्रदान गर्नेछ। | उपदफा ४ एउटै पदमा उपदफा (१) बमोजिमको अवधि पूरा भएको कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक तह माथिल्लो पदको निवृत्तिभरण, **उपदान** र अन्य सुविधा प्रदान गर्नेछ। | उपदान पाउने कर्मचारीको संख्या एकदम बढी भएकोले | |
| १९ | परिच्छेद ६ दफा ४७ | ग्रेड सम्वन्धि व्यवस्था | २०५७ अगाडि स्थायी नियुक्ति भएका स्वास्थ्यकर्मीहरुको प्राविधिक ग्रेड वापत २ ग्रेड थप सम्बन्धि सुविधा निरन्तरता हुनु पर्ने। | खाइपाई आएको सुविधा | |
| २० | दफा ५१ कर्मचारी सञ्चय कोषमा रकम जम्मा | उपदफा १ कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी रकममा कार्यपालिकाले शतप्रतिशत रकम कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिनेछ। | उपदफा १ कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी रकममा **कार्यालयले** शतप्रतिशत रकम कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिनेछ। | | |
| २१ | दफा ६१ स्वेच्छिक अवकाश | उपदफा १ र २ निवृत्तिभरणको ठाउँमा | निवृत्तिभरण र उपदान शब्द थप्ने | | |
| २२ | दफा ६२ र ६३ उपदान तथा निवृत्तिभरण | | प्रदेश स्तरिय निवृत्तिभरण कोष खडा गरी प्रत्येक स्थानीय तहले आफ्नो पालिकाको दरबन्दी बमोजिम रकम जम्मा गर्ने। | स्थानीय तहका कर्मचारीहरूको प्रदेश भरिका स्थानीत तहमा सरुवा हुने भएकोले रकम कलम गणना एवं सुविधा भुक्तानीमा एकरूपता तथा सहजता हुने भएकोले | |
| २३ | दफा ६२ र ६३ उपदान तथा | | वि.सं. २०७६ भन्दा अगाडी संघीय निजामती सेवाको पदमा स्थायी नियुक्ती भई वि.सं. २०७६ सालको लोकसेवा आयोगबाट स्थानीय तहमा स्थायी नियुक्ती | सेवा प्रवेश हुँदाको सेवाको सुरक्षा जुनसुकै तहमा गई काम गर्दा हुनु पर्ने। | |

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | निवृत्तिभरण | | भएका कर्मचारीको हकमा निवृत्तीभरण संघीय निजामती कर्मचारी सरह हुनुपर्ने र साविकमै नियुक्ती हुँदाका बखत कायम भएको सिटरोल नं. कायम हुनुपर्ने। | | |
| २४ | परिच्छेद–७ को दफा ६८ योगदानमा आधारित निवृत्तिभरण: | उपदफा (५) स्थानीय तहले निवृत्तिभरण, उपदान, उपचार खर्च, विशेष आर्थिक सुविधा, सञ्चित बिदा बापतको रकम भुक्तानीका लागि छुट्टै कोष स्थापना गर्नु पर्नेछ। | उपदफा (५) स्थानीय तहले निवृत्तिभरण, उपदान, उपचार खर्च, विशेष आर्थिक सुविधा, सञ्चित बिदा बापतको रकम भुक्तानीका लागि छुट्टै प्रदेश स्तरिय कोष स्थापना गर्नु पर्नेछ। | चक्रिय प्रणालीका आधारमा प्रदेशभरिका स्थानीय तहहरूमा सरूवा हुने भएकोले प्रदेश स्तरिय कोष निर्माण गरी स्थानीय तहले नियमानुसार रकम जम्मा गर्नुपर्ने | |
| २५ | परिच्छेद–१० को दफा ९१ | (३) उपदफा (२) बमोजिम मुद्दा चलाउन स्थानीय तहले स्वीकृति दिएमा निजको प्रतिरक्षा स्थानीय तहले गर्नेछ। | प्रदेश मुख्यन्याधिवक्ताबाट प्रतिरक्षा हुनु पर्ने। | स्थानीय तह अनुसार छुट्टाछुट्टै प्रतिरक्षा हुदा आर्थिक व्ययभार बढ्ने, समयमा प्रतिरक्षा हुन नसक्ने। सरूवा पनि प्रदेशले नै गर्ने भएकोले | |
| २६ | परिच्छेद-१२ को दफा ११० प्रमुख प्रशासकीय अधिकृत र कानुन सेवाको पद सम्बन्धी व्यवस्था | (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ।<br>(२) मन्त्रालयले प्रदेश प्रशासन सेवा अन्तर्गतको सामान्य प्रशासन समूहको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउनेछ।<br>(३) स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत पद प्रदेश निजामती सेवाबाट पूर्ति नभएसम्म प्रदेश | (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय निजामती सेवाको पद हुनेछ।<br>(२) मन्त्रालयले स्थानीय निजामती सेवा र प्रदेश निजामती सेवा अन्तर्गतको योग्यता पुगेको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउनेछ।<br>(३) स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत पद स्थानीय निजामती सेवा वा प्रदेश निजामती सेवाबाट पूर्ति नभएसम्म स्थानीय सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको सम्बन्धित सेवा, समूहको कर्मचारीलाई खटिएको स्थानीय तहबाटै तलब भत्ता खाने गरी प्रमुख प्रशासकीय अधिकृतको रूपमा | यस्तो व्यवस्थाले तीनै तह बीच समन्वय सहकार्य हुने, स्थानीय सेवा प्रति आकर्षण बढ्न जाने, सेवा प्रवाहमा प्रभावकारीता बढ्ने, कर्मचारीको मनोबल बढ्ने, कर्मचारीमा नेतृत्व क्षमता वढ्ने, | |

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको सम्बन्धित सेवा, समूहको कर्मचारीलाई खटिएको स्थानीय तहबाटै तलब भत्ता खाने गरी प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाउन सक्नेछ। | कामकाज गर्न खटाउन सक्नेछ। | | |
| २७ | दफा १२१ सेवा अवधि गणना हुने | यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि यसअघि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवामा बहाल रहेको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण भई स्थानीय सेवामा स्थायी नियुक्ती पाएमा निजको साविकको सेवा अवधि समेत गणना गरिनेछ। | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यसअघी संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवामा बहाल रहेको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण, भई स्थानीय निजामती सेवामा स्थायी नियुक्ती पाएमा निजको साविकको करार, अस्थायी र ज्यालादारी सेवा अवधि समेत गणना गरिनेछ। | | |
| २८ | दफा १२२ | स्थानीय तहमा ट्रेड युनियन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | स्थानीय तहमा ट्रेड युनियन सम्बन्धी अधिकार सुनिश्चित गरिनेछ। यस सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ। | संविधानले धारा ३३ ले दिएको मौलिक अधिकार | |
| २९ | परिच्छेद-१३ को दफा १२५ **कर्मचारी** | (१) स्थानीय सेवाका बहालवाला कर्मचारी, अवकाशप्राप्त | (१) स्थानीय सेवाका बहालवाला कर्मचारी, अवकाशप्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणको लागि सम्बन्धित | संघ, प्रदेश र स्थानीय सेवाका कर्मचारीहरूलाई समान सेवा सुविधाको सुनिश्चत गर्न यस्ता समान | |

| क्र.सं. | परिच्छेद / दफा नं. | भएको व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | **कल्याण कोषको स्थापना र सञ्चालन:** | कर्मचारी र निजको परिवारको सदस्यको कल्याणको लागि सम्बन्धित स्थानीय तहले आफ्नो क्षमता अनुसार कल्याणकारी कोष स्थापना गर्न सक्नेछ। | स्थानीय तहले तोकिएबमोजिम प्रदेश स्तरिय कल्याणकारी कोष स्थापना गर्नु पर्नेछ। | किसिमका व्यवस्थाहरूमा एकरूपता हुन पर्ने। | |
| ३० | दफा १३८ | उपदफा ४ कर्मचारीले सामुहिक राजिनामा दिएमा अख्तियारवालाले त्यस्तो राजिनामा सम्बन्धित कर्मचारीले दिएको एकिन गरी स्वीकृत गर्न सक्नेछ। | यो उपदफा नै हटाउनु पर्ने | प्रचलित कुनै पनि कानूनमा व्यवस्था नभएको | |
| ३१ | दफा १४७ | उपदफा १ | खारेजी शब्द हटाई बचाउ शब्द मात्र राख्ने।<br>१) स्थानीय सरकार संचालन ऐन २०७४, जारी भए पश्चात स्थानीय सेवाका कर्मचारीहरूको सेवाको शर्त सुरक्षा तथा थप प्रोत्साहन र सेवा सुविधा सम्बन्धित ऐन तथा सो बमोजिम भए गरेका तह वृद्धि सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिनेछ। | संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा समायोजन ऐन २०७५ ले सम्बोधन नगरेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र दफा ११ ङ बमोजिमको अधिकार प्रयोग गरी कानुन बनाएकोले।<br>कर्मचारीको वृत्ती विकास रोक्न नहुने। | |

<u>अन्य सुझावहरू</u>

१. सिमित प्रतिस्पर्धाबाट बाहिरिने ५ वर्षभन्दा बढी अवधिलाई तोकिएबमोजिमको सुविधा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने।
२. बढुवाको योग्यता निर्धारण गर्दा १ तह मुनिको सेवा प्रवेश गर्दाको बखतको न्युनतम शैक्षिक योग्यता र न्युनतम सेवा अवधिलाई आधार मान्ने व्यवस्था गर्नुपर्ने।
३. स्थानीय निजामती सेवाका कर्मचारीहरुलाई हरेक वर्ष १ महिनाको तलब बराबरको रकम सहित १५ दिन पर्यटन विदाको व्यवस्था गर्नु पर्ने।
४. कुनै कर्मचारी कामकाजको शिलसिलामा मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एकमुष्ठ रू बिस लाख दिने र निवृत्तभरण पाउने गरी नियुक्ती भएका कर्मचारीहरू निवृत्तिभरण पाउने अवधि नपुग्दै मृत्यु भएमा निवृत्तिभरण हुन जति अवधि बाँकि छ सो अवधि थप गरी निजहरूको परिवारलाई असजिवन निवृत्तिभरण प्रदान गर्ने।

५. जोखिमयुक्त काममा र फिल्डमा कार्यरत कर्मचारीलाई जोखिमभत्ता र फिल्ड भत्ता उपलब्ध गराउने साथै त्यस्तो काममा कार्यरत कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था कायम गर्ने ।

६. कुनै कारणबाट कर्मचारी निलम्बन भई पछि सफाई पाउदा निजल पाउने तलब भत्ता लगायतको सुविधमा प्रत्येक वर्षको आयलाई आयवर्ष मानि कर गणना गर्ने ।

७. संघीय कानून बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरू तह वृद्धि हुँदा तल्लो तहमा खाईपाई आएको थप दुई ग्रेडको हिसाब गरी माथिल्लो तहको तलबमान कायम गर्नु पर्ने ।

८. अस्थायी अवधि गणना गर्दा गणना प्रयोजनका लागि सेवा सुविधा सहितको स्वेच्छिक अवकास प्याकेज ल्याउनुपर्ने ।

| | | | | |
|---|---|---|---|---|
| विमल प्रकाश जोशी<br>अध्यक्ष<br>निजामती कर्मचारीहरूको अधिकारिक ट्रेड युनियन,<br>कैलाली | धर्म बहादुर देउवा<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन<br>सुदूरपश्चिम प्रदेश | चन्द्र प्रकाश जोशी<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन<br>सुदरपश्चिम, प्रदेश | जनक राज जोशी<br>अध्यक्ष<br>एकिकृत सरकारी कर्मचारी संगठन नेपाल<br>सुदूरपश्चिम प्रदेश | अशोक पाण्डेय<br>अध्यक्ष<br>स्थानीय कर्मचारी युनियन नेपाल<br>सुदूरपशिमम प्रदेश |
| लक्ष्मण राज जोशी<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति<br>कैलाली | खेमराज जोशी<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्यसमिति<br>कैलाली | नारायण बहादुर बोहरा<br>सचिव<br>एकिकृत सरकारी कर्मचारी संगठन जिल्ला कार्यसमिति<br>कैलाली | शंकर प्रसाद जोशी<br>सचिव<br>स्थानीय तह कर्मचारी संघर्ष समिति<br>सुदूरपश्चिम, प्रदेश | [illegible]राम भारती<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन जिल्ला कार्य समिति<br>कैलाली |